परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily
राष्ट्रिय दैनिक

वर्ष : ४ अंक : २०३ पृष्ठ ४ २०८३ वैशाख ३१ गते बिहिवार 14 May, 2026 मूल्य रु. ५/-

हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।




## मधेश साक्षरता घोषणा अन्योलमा

# मन्त्री तिवारीद्वारा ड्रपआउट रोक्न आग्रह



टक नेपाल

मधेश प्रदेशलाई साक्षर प्रदेश घोषणा पूर्व तयारी अध्ययन श्रृंखला मन्त्रीद्वय समक्ष उच्चस्तरीय विज्ञ कार्यदलको प्रतिवेदन हस्तान्तरण गरिएको छ। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयद्वारा आयोजना गरिएको कार्यक्रममा उक्त प्रतिवेदन हस्तान्तरणसंगै अभियान कार्यान्वयन प्रारम्भ भएको घोषणा गरिएको छ।

मधेश प्रदेशलाई साक्षर प्रदेश घोषणा गर्नु पूर्व तयार पारिएको प्रतिवेदन संघ सरकार र मधेश प्रदेश सरकारलाई बुझाइए पनि मधेश प्रदेशलाई साक्षर प्रदेश घोषणा हुने अग्रसरता अझैसम्म पनि देखिदैन । शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सस्मित पोखरेलले पाँच वर्ष भित्रमा मधेश प्रदेशलाई साक्षर घोषणा गरिने बताए । शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सस्मित पोखरेलले शिक्षामा सबै वर्ग र क्षेत्रको पहुँच अभिवृद्धि गर्न सरकार प्रतिबद्ध रहेको बताए । उनले पाँच वर्षे कार्यकालको दुई वर्षभित्रमा साक्षर घोषणा गर्न सकिने दाबी गरे। तर कसरी गर्ने भन्ने ठोस कार्ययोजना नहुँदा भनिए जस्तो सहज पनि छैन।

तथापि उनले स्पष्ट नीति अवलम्बन गरी शिक्षामा सबैका पहुँच पुऱ्याइने प्रतिबद्धता व्यक्त गरे । उनले गुणस्तरीय एवं सर्वसुलभ शिक्षा उपलब्ध गराउने अठोटसहित अघि बढेको वर्तमान सरकारलाई सहयोग गर्न सम्बद्ध सबैसँग अनुरोध गरे। नेपाल सरकारका प्रवक्तासमेत रहेका मन्त्री पोखरेलले मधेश प्रदेशमा अझै पनि विद्यालय बाहिर रहेका बालबालिका, निरक्षर वयस्क तथा आर्थिक अभावका कारण शिक्षा प्राप्त गर्न नसकेका समुदायलाई लक्षित गरी प्रदेश सरकारसमेतको सहयोगमा विशेष अभियान सञ्चालन गरिने बताए । उनले भने, 'साक्षरता अभियान सफल बनाउन सरकार मात्र होइन, समुदाय, शिक्षक, अभिभावक, स्थानीय तह र सामाजिक सङ्घसंस्थाकोसमेत साझा प्रयास हुन आवश्यक छ। सरोकारवाला पक्षलाई समेटेर एकीकृत कार्यक्रमका साथ सबैका लागि शिक्षामा पहुँच पुऱ्याउन वर्तमान सरकार प्रतिबद्ध छ।'

त्यस्तै शिक्षा तथा संस्कृति मन्त्री रानी कुमारी तिवारीले मधेश प्रदेश सरकारले निरक्षर नागरिकको तथ्यांक अद्यावधिक गर्दै लक्षित समुदायका लागि विशेष कार्यक्रम सञ्चालन गरिरहेको जानकारी दिइन् । उनले विद्यालय शिक्षासँगै वयस्क शिक्षा, जीवनोपयोगी र व्यावहारिक शिक्षा, सीपमूलक तालिम तथा समुदायमा आधारित शिक्षण सिकाइ कार्यक्रमलाई पनि प्राथमिकता दिँदै आएको बताइन् । उनले मधेश प्रदेशका केही विद्यालयहरुमा अझै पनि पढ्‌ दापढ्दै 'ड्रपआउट'को परम्परा यथावतै रहेकाले मधेशको प्रत्येक पालिकामा सक्रियतापूर्वक शिक्षा क्षेत्रमा काम गर्दै आएका गैरसरकारी संस्था/अन्तर्राष्ट्रिय गैरसकारी संस्थासंग अपील गरिन् । उनले शिक्षा क्षेत्रमा काम गर्ने नाममा सीमित पालिकाको केही वडामा आफ्नो स्वार्थका लागि गैसस/अन्तर्राष्ट्रिय गैससले काम गरेको आरोपसमेत लगाइन् ।

मधेश प्रदेशकी शिक्षा तथा संस्कृति मन्त्री रानी कुमारी तिवारीले प्रदेश सरकारले 'साक्षर मधेश अभियान'लाई विशेष प्राथमिकताका साथ अघि बढाइएको बताइन् । मधेश प्रदेशमा आर्थिक, सामाजिक तथा लैंगिक कारणले अझै शिक्षाको पहुँचबाट टाढा रहेका समुदायलाई लक्षित गरी विशेष कार्यक्रम सञ्चालन गरिने उनको भनाइ छ।

मुलुकको ७७ जिल्लामध्ये ६८ वटा जिल्ला साक्षर घोषणा भइसकेको जनाउँदै संयोजक रामस्वरुप सिन्हाले अहिलेसम्म पनि राष्ट्रलाई निरक्षर उन्मूलन गर्न नसक्नु कमजोरी रहेको बताए। त्यस्तै मधेश प्रदेशका महिला, बालबालिका तथा सामाजिक न्यायिक समितिका सभापति रूपाकुमारी यादवले यातायातका दृष्टिले सुगम भए पनि शिक्षामा मधेश प्रदेश अझै पछि परेकाले तीनै तहको सरकारसहित शिक्षा क्षेत्रसँग सम्बद्ध सबै क्षेत्र र पक्षबीच समन्वय एवम् सहकार्य हुनुपर्नेमा जोड दिइन् ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मधेश प्रदेशका प्रमुख सचिव कमलप्रसाद भट्टराईले साक्षरता अभियानलाई प्रभावकारी बनाउन प्रशासनिक संयन्त्र पूर्ण रूपमा सक्रिय रहने प्रतिबद्धता व्यक्त गरे । उनले उच्चस्तरीय विज्ञ कार्यदलले तयार पारेको प्रतिवेदन कार्यान्वयनमा आएपछि प्रदेशको शिक्षा क्षेत्रमा गुणात्मक सुधार आउने विश्वास व्यक्त गरे ।

आयोजकका अनुसार विज्ञ कार्यदलको प्रतिवेदनमा समेटिएका सुझावहरू कार्यान्वयन गर्दै मधेश प्रदेशलाई चरणबद्ध रूपमा साक्षर प्रदेश घोषणा गर्ने लक्ष्य राखिएको जनाएको छ। मधेश प्रदेशलाई साक्षर प्रदेश घोषणा गर्ने उद्देश्यसहित सञ्चालन गरिएको 'साक्षर मधेश प्रदेश घोषणा पूर्वतयारी अध्ययन श्रृंखला'अन्तर्गत शिक्षा तथा संस्कृति मन्त्रालयको आयोजनामा भएको कार्यक्रममा संघीय तथा प्रदेश सरकारका मन्त्री, सांसद, प्रशासनिक अधिकारी, शिक्षा क्षेत्रका विज्ञ, स्थानीय तहका प्रतिनिधि तथा विभिन्न सङ्घसंस्थाका प्रतिनिधिको सहभागिता थियो ।

## घरको छतबाट खसेर

# सर्लाहीमा दुई मजदुरको मृत्यु

टक नेपाल

सर्लाही सदरमुकाम मलङ्गवामा बुधबार साँझ घरको छतबाट खसेर दुई जना मजदुरको मृत्यु भएको छ।

मलङ्गवा नगरपालिका-१० का रञ्जित यादवको चारतले घरको छतमा पानीट्याङ्की राख्ने ढलान प्लास्टर गर्ने क्रममा छतसहित भुइँमा खस्दा दुई जनाको मृत्यु भएको हो । मृत्यु हुनेमा मलङ्गवा नगरपालिका-२ का ५० वर्षीय छोटु साह र हरिपूर्वा नगरपालिका-२ का ४० वर्षीय राजकिशोर यादव रहेका छन् ।

बुधबार साँझ पौने ५ बजेतिर छतबाट खसेर अचेत भएका दुवै जनालाई उपचारका लागि तत्काल प्रादेशिक अस्पताल मलङ्गवा पुऱ्याउँदा चिकित्सकले मृत घोषणा गरेको सर्लाही प्रहरीका प्रवक्ता एवं प्रहरी नायव उपरीक्षक सरोज राईले जानकारी दिनुभयो । दुवै मृतकको शव परीक्षण (पोस्टमार्टम) का लागि सोही अस्पतालमा राखिएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको डीएसपी राईले बताउनुभयो ।

## अवैध रुपमा असुली गर्ने

# प्रधानाध्यापकलाई कारबाही गर्न माग

टक नेपाल

धनुषामा एक सामुदायिक विद्यालयले अवैधानिक रुपमा विद्यार्थीहरुसंग स्थानान्तरणको नाममा शुल्क असुल्ने गरेको भन्दै प्रधानाध्यापकलाई कारबाही गर्न माग गरेको छ।

धनुषाको सबैला नगरपालिका वडा नम्बर १३ स्थित श्री माध्यमिक विद्यालय ढोलबजा किरतपुरमा कक्षा ८ को परीक्षा दिइ उत्तीर्ण भएका विद्यार्थीहरुसंग स्थानान्तरण शुल्कको नाममा अवैधानिक रुपमा प्रधानाध्यापक रामशंकर यादवले विद्यार्थीहरुसंग पाँच सय रुपैयाँ शुल्क उठाउने गरेको भन्दै जिल्ला प्रशासन कार्यालय धनुषामा निवदेन दिएको थियो।

अवैधानिक रुपमा विना रसिद शुल्क असुल्ने गरेको बारे प्रधानाध्यापक यादवसंग गुनासो गर्दा धाकधम्की दिने गरेको र कुटपिटसमेत गर्ने गरेको स्थानीय विद्यार्थी राहुल यादवले बताए। कक्षा ८ का परीक्षार्थीहरुले स्थानान्तरणको नाममा अवैधानिक रुपमा शुल्क असुल्ने गरेको भन्दै राहुल यादवको पहलकदमीमा जिल्ला प्रशासन कार्यालय धनुषामा अवैधानिक शुल्क असुल्ने गरेको भन्दै निवेदन पठाएका थिए।

सो निवेदन प्राप्त हुनासाथ जिल्ला प्रशासन कार्यालयले उक्त घटनाबारे बुझ्न र कारबाही प्रक्रिया अघि बढाउनका लागि सबैला नगरपालिकालाई पत्र समेत पठाएको छ । विद्यार्थीहरुसंग अवैध रुपमा जनही पाँच सय रुपैयाँ असुल गरे पनि रकम लिएको वापतको रसिद माग गर्दा विद्यार्थीलाई प्रधानाध्यापक रामशंकर यादवले बल प्रयोग गरी कुटपिटसहित हप्काउने गरेको भन्दै अवैध असुली बन्द गराउन र अवैध कार्यमा लागेकालाई कारबाहीको दायरमा ल्याउनका लागि जिल्ला प्रशासन कार्यालयले भनेको छ।






पविर्तनका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

## सम्पादकीय

### सुधारको सन्तुलन आवश्यक

नेपालमा सार्वजनिक नियुक्ति लामो समयदेखि विवाद, भागबन्डा र पहुँचको प्रभावबाट ग्रसित रहँदै आएको छ। विश्वविद्यालय, स्वास्थ्य प्रतिष्ठान तथा कूटनीतिक क्षेत्रजस्ता संवेदनशील संस्थाहरूमा हुने नियुक्तिले देशको शैक्षिक गुणस्तर, संस्थागत विश्वसनीयता र अन्तर्राष्ट्रिय छविसम्म असर पार्ने भएकाले पारदर्शी र योग्यतामा आधारित प्रक्रिया आवश्यक हुनु स्वाभाविक हो।

तर सुधारको नाममा प्रक्रिया यति जटिल बनाइँदै जानु पनि अर्को चुनौती बनेको छ। अत्यधिक समिति, औपचारिकता र सार्वजनिक प्रदर्शनले कहिलेकाहीँ मूल उद्देश्यलाई नै ओझेलमा पार्ने जोखिम हुन्छ। समस्या विधिको अभावभन्दा बढी त्यसको दुरुपयोग र राजनीतिक हस्तक्षेपमा थियो। त्यसैले समाधान नयाँ-नयाँ संरचना थप्नु मात्र होइन, विद्यमान प्रणालीलाई निष्पक्ष र इमानदार रूपमा कार्यान्वयन गर्नु पनि हो।

योग्यता केवल कागजी प्रक्रिया वा सार्वजनिक प्रस्तुतिबाट मात्र मापन गर्न सकिँदैन। धेरै सक्षम र इमानदार व्यक्तिहरू प्रचारभन्दा काममा विश्वास गर्छन्। अत्यधिक प्रतिस्पर्धात्मक र बोझिलो प्रक्रियाले यस्ता व्यक्तिहरूलाई नै पछि हटाउन सक्छ।

सुधार आवश्यक छ, तर सन्तुलित सुधार अझ आवश्यक छ। प्रक्रिया यस्तो हुनुपर्छ, जसले योग्य व्यक्तिलाई आकर्षित गरोस्, निरुत्साहित होइन। राज्यले “लुकेका रत्न” चिन्ने क्षमता विकास गर्न सके मात्र सार्वजनिक संस्थाहरूले सक्षम र विश्वसनीय नेतृत्व पाउन सक्छन्।

# सुकुम्बासीलाई समस्या देख्ने सरकारले......................

हुनाले उहाँसितको एकताको वार्ताको सार्थक परिणाम निस्केन । लामाजीको मृत्यु भएपछि पनि उहाँसित भएको कुराकानीको सिलसिला अगाडि बढेर एकता केन्द्रसित हाम्रो पार्टी एकता पनि भयो । तर त्यो एकता दिगो रहन सकेन । हामीलाई लाग्छ लामाजी जीवित भएको भए र उहाँ एकता केन्द्रको नेतृत्वमा पनि रहिरहेको भए चौथो महाधिवेशनको कालमा जस्तै हाम्रा बिचको एकता सुदृढ हुन्थ्यो । त्यो एकतामा स्थायित्व पनि आउने थियो र त्यसले नेपालको कम्युनिस्ट आन्दोलनमा पनि धेरै योगदान दिने थियो ।

माथिको सङ्क्षिप्त विवरणबाट प्रस्ट हुन्छ कि लामाजी र हाम्रा बिचमा अत्यन्त घनिष्ठ प्रकारको सम्बन्ध थियो । बिचबिचमा हाम्रा बिचमा मतभेदहरू देखापरे पनि वा कुनै बेला ती मतभेदहरू फुटको रूपमासम्म विकसित भए पनि त्यस बेलाका मतभेद र फुटहरूका बिचमा पनि हाम्रा बिचमा अत्यन्त घनिष्ठ र मैत्रीपूर्ण सम्बन्ध रहिरह्यो । त्यसले उहाँ र हाम्रा बिचको एकता र विरोधको द्वन्द्वात्मक प्रकृत्तिलाई नै बताउँछ । उहाँको जीवनको अन्त्य कालमा त्यस प्रकारको मैत्री सम्बन्धले अत्यन्त घनिष्ठ र गाढा रूप लिएको थियो । तर उहाँको स्वास्थ्य र मृत्युका कारणले त्यो सम्बन्ध ठोस रूपमा अगाडि बढ्न सकेन । त्यसका लागि हामीलाई धेरै नै दुःख छ ।

कामरेड लामाको निधनपछि तुरुन्तै लेखेको एउटा लेखमा उहाँसितको एकता र विरोधको सम्बन्धलाई मैले आफ्नो पिताजी खिम विक्रमसित पनि तुलना गरेको थिएँ । उहाँसित मेरो अत्यन्त आत्मिय सम्बन्ध थियो । उहाँले प्युठानमा पार्टीको निर्माण र किसान आन्दोलनमा पनि महत्त्वपूर्ण योगदान दिनुभएको थियो । २०१० सालमा प्युठानमा तीन महिनासम्म चलेको आवासिय शिक्षण शिविर नेपालको कम्युनिस्ट आन्दोलन मात्र होइन, नेपालको सम्पूर्ण राजनीतिक इतिहासको नै अद्वितीय उदाहरण थियो । त्यसभन्दा पहिले र त्यसपछि पनि त्यस प्रकारको लामो आवासिय शिविर नेपालमा चलेको छैन । त्यो शिविरको सञ्चालनमा पिताजी खिम विक्रमको महत्त्वपूर्ण योगदान रहेको थियो । त्यो शिविरको बेलामा नै प्यूठानमा कम्युनिस्ट पार्टीको गठन भएको थियो । प्युठानमा चलेका कैयौँ किसान आन्दोलन वा राजनीतिक आन्दोलनहरूमा पनि उहाँको सक्रिय र महत्त्वपूर्ण योगदान रहेको थियो । तर उहाँसित सम्बन्धित किसान सङ्घर्षको बेलामा हाम्रो उहाँसित तीव्र सङ्घर्ष चलेको थियो । त्यस प्रकारको सङ्घर्षका बाबजुद हामी दुवै बाबुछोराका बिचमा अत्यन्त आत्मिय सम्बन्ध पनि थियो र जीवनभरि नै हामीहरू दुवै बाबुछोराले एक अर्कालाई धेरै माया गरेका थियौँ । हामी दुवैजना आपसमा लड्दथ्यौँ तर लड्दालड्दै पनि हामीहरू दुवैजनाले एकअर्कालाई धेरै नै माया गरिरहेका हुन्थ्यौँ । त्यही प्रकारको सम्बन्ध कामरेड निर्मल लामा र मेरा बिचको पनि थियो ।

त्यही प्रकारको मेरो सम्बन्ध कामरेड कमलराज रेग्मीसित पनि रहेको थियो । २०१० सालमा मैले उहाँलाई नै पार्टीको सदस्यताका लागि दरखास्त दिएको थिएँ। हामीले कैयौं किसान सङ्घर्षहरू र पार्टीका कार्यक्रमहरूमा सँगसँगै भाग लिएका थियौँ । तर पछि उहाँ पञ्चायती व्यवस्थामा सामेल हुनुभयो र हाम्रा बिचमा अन्तर्विरोध पैदा भयो । तर त्यस प्रकारको अन्तर्विरोधको बेलामा पनि हाम्रा बिचमा व्यक्तिगत रूपमा मैत्री सम्बन्ध रहिरहेको थियो ।

२०७२ सालमा उहाँले पुनः पार्टी सदस्यताका लागि दरखास्त दिनुभयो । त्यो दरखास्त दिने बेलामा उहाँले भन्नुभएको थियो ‘पहिले मैले तपाईंबाट पार्टीको सदस्यताका लागि दरखास्त लिएको थिएँ । अब मैले पार्टीको सदस्यताका लागि तपाईंलाई दरखास्त दिदैछु ।’ तर अफसोचको कुरा छ कि त्यसपछि उहाँ धेरै समय बाँच्नु भएन । यस सन्दर्भमा कामरेड चित्रबहादुर केसीको उल्लेख गर्नु पनि सायद अप्रासागिक हुने छैन । यो आम रूपमा थाहा भएको कुरा हो कि पार्टीमा लामो समयदेखि उहाँ र मेरो विचमा घनिष्ठ सम्बन्ध रहँदै आएको छ। तर त्यो सम्बन्धमा पारस्परिक विरोधका कैयौँ प्रसङ्ग पनि रहने गरेका छन् ।

२०४८ सालमा संसदीय चुनावको उपयोगको सन्दर्भमा उहाँ र हामीहरूका बिचमा तीव्र मतभेद देखापरेको थियो । उहाँ चुनावको उपयोगको पक्षमा हुनुहुन्थ्यो भने हामीहरू त्यसको बहिष्कारको पक्षमा । केन्द्रीय कमिटीमा उहाँको मत बहुमतमा आयो । तर सम्मेलनमा बहिष्कारको पक्ष बहुमतमा आयो । तर सम्मेलनमा उहाँको मत अल्पमतमा परे पनि उहाँ बिनाहिचकिचाहट बहुमतको निर्णयको पक्षमा दृढतापूर्वक उभिनु भयो । उहाँको त्यो स्प्रिटले त्यो बेला मात्र होइन, पछि सधैँ पार्टीको एकता र अनुशासनलाई धेरै नै मद्दत पुऱ्यायो ।

पछि कैयौँ प्रसङ्गमा पनि उहाँ र हाम्रा विचमा कैयौँ मतभेद देखापरेका थिए । तर ती सबै मतभेदहरूलाई हामीले द्वन्द्वात्मक प्रकारले नै ग्रहण गऱ्यो, त्यसले गर्दा हाम्रा बिचमा सधैँ बलियो एकता कायम रहिरह्यो । त्यही प्रकारले लामाजीसितका मतभेदहरूका कारणले हाम्रा बिचमा फुट भए पनि त्यो फुटका बाबजुद हामीहरू पुनः एकतावद्ध हुनका लागि अग्रसर भएका थियौँ । अफसोचको कुरा हो कि उहाँको असामयिक निधनको कारणले त्यस प्रकारको एकताले साकार रूप लिन सकेन ।

कामरेड लामा अब हाम्रा बिचमा हुनुहुन्न । त्यही पनि उहाँले पार्टी र क्रान्तिका लागि दिएका अमूल्य देनहरू हाम्रा अगाडि छन् । र, तिनीहरूले पार्टी र क्रान्तिका अधुरा रहेका कामहरूलाई अगाडि बढाउन लगातार शिक्षा र प्रेरणा दिइरहने छन् भन्ने हामीलाई विश्वास छ । उहाँले देखेको एउटा महत्त्वपूर्ण सपना पार्टी एकताको थियो ।

हामीले उहाँको त्यो सपनालाई पूरा गर्ने प्रयत्न पनि गर्यौ। तर त्यो सफल हुन सकेन । वास्तवमा मार्क्सवादी-लेनिनवादी सिद्धान्त, क्रान्तिकारी राजनीतिक लाइन, लेनिनवादी सङ्गठन प्रणाली र सर्वहारा स्प्रिटको आधारमा नै त्यस प्रकारको एकता अगाडि बढ्न सक्दछ । त्यस प्रकारको एकता नै पार्टीको हितमा हुने छ । त्यस प्रकारको पार्टी एकताका लागि हामीले अहिले पनि प्रयत्न गर्दै जानुपर्दछ । र, त्यस प्रकारको सिद्धान्तनिष्ट एकताले नै पार्टी र क्रान्तिलाई अगाडि बढाउन मद्दत गर्ने छ ।

## मानव बेचबिखन विरुद्ध सचेतना

- ❖ बेचबिखन ोक्न समाजमा चेतना फलाउन जरूी छ ।
- ❖ विद्यालयदेखि न बालबालिकालाइ यसका बोमा शिक्षित गाउनु पदछ ।
- ❖ पाठ्यपुस्तकमा समावेश गे आफू कसी बच्ने अरूलाइ पनि कसी बचाउने भन्ने कुा सिकाउन जरूी छ ।
- ❖ समाजमा तुरून्त लागु गन सकिने किसिमका पाठ्यसामग्रीह समावेश गन जरूी छ ।
- ❖ ोजगीाका लागि जाने व्यक्तिलाइ शिक्षा दिने, गलत बाटोबाट जाँदा पने असका बोमा जानकी गाउने गनुपछ ।
- ❖ व्यक्तिगत तवबाट आफु सचेत हि पवि साथीहरू सवलाइ सचेतना फलाउने ।
- ❖ शंकास्पद व्यक्ति जोखिममा हेका व्यक्तिहरूको बोमा निगानी ाख्ने पामश दिने आवश्यकता अनुसा सम्वन्धित निकायसँग समन्वय गने ।
- ❖ चोक, चाताा पसालमा समेत मानव बेचविखन विरूद्ध छलफल एवं बहस सञ्चालन गने लगायतका काय आवश्यक ।
- ❖ सामूहिक रूपमा मानव बेचविखनको जोखिममा हेका समूदाय क्षेत्र पहिचान गी मानब बेचविखन ोकथामका लागि अन्तक्रिया, सडक नाटक, याली, घदलो जस्ता कायक्रम गने ।
- ❖ मानव बेचविखनविरूद्ध क्रियाशिल सकी ग सकी संघसंस्थाहरूसँग समन्वय गने ।
- ❖ पीडित प्रभावितह लाइ आवश्यक सहयोग पामश प्रदान गने ।
- ❖ हिंसामा पेका पीडित प्रभावितलाइ आत्म सम्मानपूवक बाँच्न पाउने वातावण सजना गद पुनस्थापनाका लागि क्रियाशिल हने ।
- ❖ मानव बेचबिखनका मुद्दा अनुसन्धान गने प्रहीलाइ यसका बोमा धे ज्ञान दिन जरूी छ । उनीह लाइ बेचबिखन सम्बन्धी अपाधको गाम्भ( ीयता बुझाउन जरूी छ ।
- ❖ भातीय सिमा नाकाहरूमा संघ संस्था नागकि समाजसंग मिले निगानी प्रभावकी बनाइनु पदछ ।
- ❖ अनुसन्धान पद्धतिमा व्यापक सुधा गी विज्ञ समूह खडा गने विशेष अनुसन्धान पद्धति लागू गनि आवश्यक छ ।

भंगहा नगरपालिका महोत्तरी, मधेश प्रदेश






# ‘मसाल र चौममा विभाजन: हाम्रो पार्टी इतिहासकै अप्रिय घटना थियो’

**टक नेपाल**

कामरेड निर्मल लामाको २६औँ स्मृति दिवसको अवसरमा नेकपा (मसाल)ले कामरेड निर्मल लामाप्रति उच्च सम्मान प्रकट गर्दै उहाँलाई क्रान्तिकारी अभिनन्दन गर्दछ।

नेपालको प्रजातान्त्रिक र वामपन्थी आन्दोलनमा उहाँको ठुलो योगदान रहेको छ। यो खुसीको कुरा हो कि उहाँले र मैले नेपालको कम्युनिस्ट आन्दोलनमा सँगै काम गर्दै आएका थियौँ। त्यस सिलसिलामा उहाँसित मेरो पनि धेरै नै घनिष्ठ र निकट सम्बन्ध रहेको थियो।

काठमाडौँमा २०११ सालमा आयोजित जिल्ला पार्टीका सेक्रेटरीहरूको प्रशिक्षण कार्यक्रममा हामीहरू दुवै जनाले सँगै भाग लिएका थियौँ। त्यो बेला उहाँ काठमाडौँ जिल्ला कमिटीको सेक्रेटरी हुनुहुन्थ्यो भने म प्युठान जिल्ला कमिटीको सेक्रेटरीको हैसियतले त्यो प्रशिक्षण कार्यक्रममा भाग लिन आएको थिएँ। त्यही प्रकारले दरभङ्गा प्लेनममा पनि हामीले सँगै काम गरेका थियौँ। त्यो प्लेनममा संविधानसभाको पक्षमा जुन बहुमत प्राप्त भयो, त्यसमा उहाँको पनि महत्त्वपूर्ण योगदान रहेको थियो।

काठमाडौंको भद्रगोल जेलमा २०२६ सालमा एक महिनासम्म एक प्रकारको भेला जस्तो गरेर त्यो बेला विभाजित पार्टीलाई एकताबद्ध गर्नका लागि हामीले सँगै तीनवटा प्रस्तावहरू पास गरेका थियौँ। ती प्रस्तावहरूले पछि केन्द्रीय न्यूक्लियस बनाएर पार्टीलाई एकताबद्ध गर्नका लागि धेरै नै मद्दत पुऱ्याएका थिए।

पछि केन्द्रीय न्यूक्लियसको निर्माण गरेर हामीहरू बेग्लाबेग्लै टुक्रामा बाँडिएको पार्टीलाई एकताबद्ध गर्ने काममा सँगसँगै जुटेका थियौँ र त्यस प्रकारको प्रयत्नको परिणाम स्वरूप नै बनारसमा २०३१ सालको असारमा पार्टीको चौथो महाधिवेशन सम्पन्न भएको थियो। त्यसले जुन पार्टीको निर्माण गयो, त्यो त्यस बेलाको नेपालको सबैभन्दा ठुलो कम्युनिस्ट पार्टी थियो।

पछि त्यो बेला भारतमा देखापरेको नक्सलवादी आन्दोलनको हाम्रो पार्टीमा परेको असरका कारणले हाम्रो पार्टीमा पनि उग्र ‘वामपन्थी’ प्रवृत्तिहरू देखापरे र हाम्रो पार्टीमा फुट भयो। त्यो उग्र ‘वामपन्थी’ भड्कावका विरुद्ध पनि कामरेड लामा र हामीले सँगसँगै कडा सैद्धान्तिक, राजनीतिक र सङ्गठनात्मक सङ्घर्ष गरेका थियौँ। त्यसरी पार्टीभित्र लामाजी र हाम्रा बिचमा सहकार्यका कैयौं महत्त्वपूर्ण र गौरवपूर्ण पानाहरू रहेका छन्।

यहाँ यो कुराको उल्लेख गर्नु पनि सायद अप्रासङ्गिक हुने छैन वा ती कुराहरूको उल्लेख नगर्नु इतिहासलाई गलत प्रकारले प्रस्तुत गर्नु वा ढाकछोप गर्नु नै हुनेछ कि पार्टीमा कामगर्ने सिलसिलामा हाम्रा बिचमा कैयौँ मतभेद पनि देखापर्ने गरेका थिए। भद्रगोल जेलमा तीनवटा दस्तावेजहरू तयार पार्दा उहाँ र हाम्रा बिचमा केही मतभेदहरू पनि थिए। त्यो बेला हामीले नेपाली काङ्ग्रेसलाई राष्ट्रिय पुँजीपति वर्गको पार्टी।

र, नयाँ जनवादी क्रान्तिको मित्रशक्ति मान्ने विश्लेषणलाई बदलेर त्यसलाई पनि राजा सरह सामन्त, दलाल र नोकरशाही पुँजीपति वर्गको पार्टी भएको विश्लेषण गर्दै त्यसलाई दुस्मन शक्ति भएको विश्लेषण गरेका थियौँ। हाम्रो त्यो विश्लेषणसित उहाँले मतभेद राख्नु भएको थियो। तर जेलबाट बाहिर आएपछि उहाँ त्यो बेला भद्रगोल जेलको भेलाले गरेको हाम्रो विश्लेषणसित सहमत हुनुभएको थियो। उहाँले आफ्नो संस्मरणमा त्यो कुराको उल्लेख पनि गर्नुभएको छ। त्यसरी उहाँको र हाम्रा बिचको सम्बन्धमा एकतामा विरोध र विरोधमा एकता अन्तर्निहित थियो। त्यसरी एक वा अर्को अर्थमा उहाँ र हाम्रा बिचको सम्बन्धको प्रकृति द्वन्द्वात्मक प्रकारको थियो। पछि पनि हाम्रा बिचको सम्बन्ध त्यही प्रकारले द्वन्द्वात्मक रूपमा अगाडि बढ्दै गएको थियो।

पञ्चायती चुनावलाई उपयोगको प्रश्नमा हाम्रा बिचमा गम्भीर प्रकारको मतभेद देखापर्यो। पार्टीका कैयौँ केन्द्रीय समितिका बैठक, भेला वा सम्मेलनहरूमा हाम्रा र उहाँका बिचमा गम्भीर प्रकारका मतभेदहरू देखापरे। पछि लामाजी र म दुवै जना केन्द्रीय कमिटीमा नभएको बेलामा पार्टीभित्र गम्भीर प्रकारको मतभेद देखापयो। त्यो मतभेदका सिलसिलामा केन्द्रीय कमिटीका ६ जना साथीहरूले केन्द्रीय कमिटीबाट राजीनामा दिनुभयो र त्यो राजीनामालाई सार्वजनिक पनि गर्नुभयो। त्यो घटनाबारे विचार गर्न २०४० सालमा गोरखपुरमा पार्टीको एउटा सम्मेलन भयो।

६ जना साथीहरूले दिएको राजीनामा र उहाँहरूले त्यसलाई सार्वजनिक गरेको विषयमा लामाजी र हाम्रा बिचमा गम्भीर प्रकारको मतभेद देखापयो र त्यही कारणले पार्टी विभाजित पनि भयो। त्यसपछि पार्टी ने.क.पा. (मसाल) र नेकपा चौथो महाधिवेशनका बिचमा विभाजित पनि भयो। त्यो हाम्रो पार्टीको इतिहासको अत्यन्त दुःखद र अप्रिय घटना थियो। त्यसले पार्टीलाई धेरै नै क्षति पुऱ्याइयो। हामीलाई के लाग्दछ भने गोरखपुरको सम्मेलनमा हाम्रा बिचमा केही समझदारी बन्न सकेको भए त्यो दुःखद घटनालाई रोक्न सकिन्थ्यो र रोक्नु पनि पर्दथ्यो। त्यसो हुन सकेको भए पार्टी पछिल्ला दिनहरूका धेरै क्षतिबाट बच्न सक्दथ्यो। त्यसरी त्यो बेला पार्टीमा जुन फुट भयो, त्यो गम्भीर प्रकारको गल्ती थियो। त्यसको लागि को कति जिम्मेवार थियो ? त्यसको मूल्याङ्कन हुनु आवश्यक छ वा इतिहासले त्यसको मूल्याङ्कन गर्ने छ

पाँचौं महाधिवेशनपछि पार्टी ’पातलो’ र ’मोटो’ मसाल / मशालको रूपमा विभाजन भयो। त्यसपछि हाम्रो पार्टी ने.क.पा. (मसाल), नेकपा (चौथो महाधिवेशन), नेकपा (मशाल) र सर्वहारावादी श्रमिक सङ्गठनका बिचमा पार्टी एकताको कुरा चल्यो। तर अन्य पक्षहरूको जोड पहिलो दिन भेट भएको बेलामा नै पार्टी एकता गर्ने कुरामा थियो। तर हामीले पहिले हाम्रा बिचमा भएका सबै मतभेदहरूबारे विस्तृत रूपले छलफल गरेर मात्र पार्टी एकता गर्नुपर्ने कुरामा जोड दियौँ। फलतः हाम्रा बिचमा पार्टी एकताबारे सहमति हुन सकेन। त्यसपछि अन्य पक्षहरूका बिचमा पार्टी एकता भयो र नेकपा (एकता केन्द्र) को गठन भयो। लामाजीको नेतृत्वको ‘चौथों महाधिवेशन’ पनि त्यसमा सामेल भयो र हामीहरू त्यसबाट अलग रह्यौँ। पछि चौथो महाधिवेशन पनि त्यसबाट अलग भयो र लामाजीको नेतृत्वमा नेकपा (एकता केन्द्र को रूपमा त्यसको बेग्लै अस्तित्व रहिरह्यो।

त्यसपछि लामाजी तथा कामरेड चित्रबहादुर केसी र मेरा बिचमा कैयौँ गोप्य बैठकहरू भए। ती सबै बैठकहरू लामाजीको घर भएको स्थान म्हेपीमा नै हुने गरेका थिए। तर लामाजी एकता केन्द्रको नेतृत्वबाट हटेकाले र त्यसपछि छिट्टै उहाँको मृत्यु भएको

हैजा बारे जानौं, बुझौं र सतर्क रहौं

गर्मी तथा वर्षायाम सुरु भएसँगै विशेषगरि बालबालिकामा झाडापखाला, हैजा जस्ता रोगहरू फैलने हुँदा सावधानी र सतर्कता अपनाउन असाध्यै जरुरी छ।

घरैमा उपचार गर्ने ५ नियम

१ झाडापखाला हुनासाथ एक लिटर सफा पानीमा एक पुरिया जीवनजल राखी राम्ररी घोल्ने र पटक पटक खुवाउने
२ प्रशस्त मात्रामा सफा तथा झोल कुराहरू पटक पटक खान दिने
३ नरम तथा सजिलै पच्ने खानेकुरा थोरै थोरै गरी पटक पटक खुवाइरहने
४ स्वास्थ्यकर्मीले सिफारिस गरे अनुसार जिङ्क चक्कीको मात्रा नबिराइकन खुवाउने
५ व्यक्तिगत सरसफाईमा ध्यान दिने, र स्वच्छ पानी तथा खाना खाने



गौशाला नगरपालिका,महोत्तरी (मधेश प्रदेश)

मोटरसाईकल हराएको सम्बन्धी अत्यन्त जरुरी सुचना

प्रस्तुत विषयमा जिल्ला महोत्तरी बलवा नगरपालिका वडा नं.११ वस्ने हविवुल शेषको छोरा मो. सफिक शेषले आफ्नै घर अगाडी कम्पाउण्डवाल भित्रमा पार्किङ गरी राखेको मिति २०८२।१२।१५ गते रातीको समयमा मधेश प्रदेश ०२-०९ प ०७७८ नम्वर भएको बजाज कम्पनीको NS मोटरसाईकल चोरी भएको’ र उक्त नम्वरको मोटरसाईकल हाल सम्म फेला नपरेको हुँदा खोजतलाज गरिदिनहुनका लागि वा नजिकैको प्रहरी कार्यलयमा सम्पर्क गरिदिनहुनका लागि अनुरोध छ।

**तपसिलः**
**बाईक नं.** : मधेश प्रदेश ०२-०९ प ०७७८
**च्यासिस नं.** : MD2A36FX5SCA89646
**ईन्जन नं.** JLXCSM97306
**मो नं.** :९७०८०३३१६०

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नसिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल

- २४ सं घण्टा इमर्जेन्सी सेवा
- ICU,NICU,PICU सेवा
- EndosocopyDiode Laser सेवा
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कष्ट स्वास्थ्य सेवा
- Laproscopy सेवा
- X-Ray, USG, CT Scan सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- 247 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनोरोड बर्दिबास, महोत्तरी
०४४-५५२५५,९८१२०१८०१०



## निजी विद्यालय बन्द हुने हल्लामा सत्यता छैन : शिक्षामन्त्री



● टक नेपाल

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सस्मित पोखरेलले निजी विद्यालय बन्द हुने हल्लामा कुनै सत्यता नरहेको बताएका छन् । उनले निजी विद्यालयलाई सरकारले शिक्षा क्षेत्रको सहयोगी साझेदारका रूपमा हेरेको बताए।

बुधबार जनकपुरधाममा आयोजित छलफल कार्यक्रममा जनकपुर क्षेत्रका निजी विद्यालय सञ्चालकहरूसँग कुरा गर्दै मन्त्री पोखरेलले आफूले मन्त्रालयको जिम्मेवारी सम्हाल्नुअघि नै निजी विद्यालय बन्द गर्ने भन्ने हल्ला फैलाइएकोमा दुःख व्यक्त गरे।

उनले कानुन अनुसार निजी विद्यालयहरूले अनिवार्य रूपमा १० प्रतिशत छात्रवृत्ति पारदर्शी ढङ्गले उपलब्ध गराउनुपर्ने बताउँदै ऐन-कानुन इमानदारीपूर्वक पालना गर्न आग्रह गरे ।

साथै पाठ्यक्रममा एकरूपता ल्याउन व्यापक सुधार आवश्यक रहेको बताए । छलफलका क्रममा निजी विद्यालय सञ्चालकहरूले संस्थागत विद्यालयबाट कक्षा १२ उत्तीर्ण गरेका विद्यार्थीहरूले चिकित्सा आयोग लगायत सरकारी निकायबाट प्रदान गरिने छात्रवृत्तिमा समान अवसर पाउनुपर्ने विषय उठाएका थिए।

यसबारे मन्त्री पोखरेलले सामुदायिक विद्यालयलाई प्राथमिकता दिनु स्वाभाविक भए पनि सरकारले चिकित्सा शिक्षा ऐनमा व्यापक संशोधन गर्ने तयारी गरिरहेको जानकारी दिए।

दुई दिनको सार्वजनिक बिदाले विद्यार्थी र शिक्षकलाई थप उत्पादनशील बनाउने अनुभव केही देशमा देखिएको बताउँदै पठनपाठनमा असर नपर्ने गरी वर्षे बिदा ४५ दिनबाट घटाएर ३० दिन बनाइएको बताए।

## ३६ वर्षीया महिलाको शव गाडिएको अवस्थामा फेला

● टक नेपाल

एकहप्ता अगाडि बेपता भएका सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका-५ बनरझुलाकी ३६ वर्षीया अनितादेवी रायको आज शव गाडिएको अवस्थामा फेला परेको छ।

सप्तरी प्रहरीका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक डम्बरबहादुर पुरीका अनुसार गत सातादेखि बेपत्ता भएकी रायको शव सोही गाउँपालिका-५ स्थित कोशी नदी किनारमा सडेको अवस्थामा फेला परेको हो। मृतकको शव हातखुट्टा र घाँटीमा डोरीले ढुङ्गा बाँधेर पानीमा डुबाएको अवस्थामा फेला परेको प्रहरी नायब उपरीक्षक पुरीले जानकारी दिए।

यही वैशाख २४ गते राति छिमेकीको छोराको विवाहमा घरका अधिकांश सदस्य जन्ती गएको मौका छोपी अनिता देवीलाई पाँच/छ जनाको समूहले घरबाटै जबर्जस्ती अपहरण गरी लगेको स्थानीयवासीको भनाइ छ। परिवारका सदस्यहरुले तत्काल प्रहरीलाई जानकारी गराएका थिए । खोजतलासका क्रममा उनको शव क्षत्विक्षत अवस्थामा फेला परेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

## मोटरसाइकल दुर्घटना : एक जनाको मृत्यु, एक गम्भीर

● टक नेपाल

सर्लाहीको दक्षिण-पश्चिम ग्रामीण भेगमा पर्ने रामनगर गाउँपालिकामा मङ्गलबार राति मोटरसाइकल दुर्घटना हुँदा चालकको मृत्यु भएको छ।

बरहथवा-मधुवनी सडकस्थित रामनगर गाउँपालिका-५, बैजनाथ चोकमा राति ८ बजेतिर भएको दुर्घटनामा मोटरसाइकल चालक भारत सितामढी ढेग बस्ने ३५ वर्षीय गौरव पटेलको मृत्यु भएको हो । बरहथवाबाट गडहीयातर्फ गइरहेको ज ७ प २६१३ नम्बरको मोटरसाइकल अनियन्त्रित भइ पल्टँदा चालक पटेलको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ।

दुर्घटनामा मोटरसाइकल पछाडि सवार अर्का भारतीय नागरिक २३ वर्षका उज्वल पटेल गम्भीर घाइते हुनुभएको छ। घाइते पलेटको भारत सितामढीस्थित एक अस्पतालको आइसियुमा राखेर उपचार भइरहेको प्रहरीले जनाएको छ।

मृतक मोटरसाइकल चालकको शव भने पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल मलङ्गवामा राखिएको छ। तीव्र गतिका कारण नियन्त्रण गुमाएर मोटरसाइकल दुर्घटना भएको हुनसक्ने प्रहरीको प्रारम्भिक अनुसन्धानले देखाएको छ।

## मुक्त हरवाचरवाको मुद्दा बजेटमार्फत सम्बोधन गरिने : मन्त्री पटेल

● टक नेपाल

मधेश प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम तथा बजेटमार्फत मुक्त हरवाचरवाको सवाललाई प्राथमिकताका साथ सम्बोधन गर्ने प्रतिबद्धता जनाएको छ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयमा आज आयोजित सरोकारवालासँगको छलफल कार्यक्रममा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री श्याम प्रसाद पटेल ले मुक्त हरवाचरवाको हकअधिकार सुनिश्चित गर्न प्रदेश सरकार प्रतिबद्ध रहेको बताउनुभयो।

☛ विज्ञापन गानुपेमा
☛ ९८६३३२११४
☛ ९८०८७८२११४

मन्त्री पटेलले मुक्त हरवाचरवाको पहिचान, अधिकार संरक्षण तथा राज्यको मूलधारमा उनीहरूको पहुँच विस्तार गर्न प्रदेश सरकारले आवश्यक पहल अघि बढाइरहेको जानकारी दिनुभयो । उहाँले आगामी नीति तथा कार्यक्रम तथा बजेटमार्फत मुक्त हरवाचरवाको लगत सङ्कलन, प्रमाणीकरण तथा परिचयपत्र वितरण प्रक्रिया सुरु गरिने बताउनुभयो।

उहाँले परिचयपत्र वितरणपछि मुक्त हरवाचरवाको वास्तविक अवस्था पहिचान गर्न, राज्यबाट उपलब्ध हुने सेवा-सुविधामा पहुँच सुनिश्चित गर्न तथा उनीहरूको सामाजिक तथा आर्थिक सशक्तीकरणमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो।

छलफल कार्यक्रममा मन्त्रालयका सचिव डा. सञ्जय कुमार यादव ले मुक्त हरवाचरवाको सवाललाई दीर्घकालीन रूपमा सम्बोधन गर्न सरकार, सरोकारवाला संस्था तथा समुदायबीच समन्वय आवश्यक रहेको बताउनुभयो । उहाँले मन्त्रालयले नीति निर्माणसँगै कार्यान्वयन पक्षलाई पनि प्रभावकारी बनाउने गरी तयारी अघि बढाइरहेको जानकारी दिनुभयो।

कार्यक्रममा त्जभँ चभभमकँ गलम का जनवकालत सल्लाहकार बालाराम भट्टराई ले मुक्त हरवाचरवाको अधिकार सुनिश्चित गर्न प्रदेश सरकारले चालेको पहल सकारात्मक रहेको बताउनुभयो। उहाँले वास्तविक पीडित समुदायको पहिचान तथा तथ्याङ्क व्यवस्थापनलाई प्राथमिकतामा राख्नुपने धारणा व्यक्त गर्नुभयो।

यस्तै, कार्यक्रम सल्लाहकार ब्रहमदेव राम ले मुक्त हरवाचरवाको सामाजिक तथा आर्थिक अवस्थालाई सुधार गर्न स्थानीय तहसम्म समन्वय र सहकार्य आवश्यक रहेको बताउनुभयो।

राष्ट्रिय दलित नेटवर्क, नेपाल का कार्यकारी निर्देशक हुकुम सार्की ले मुक्त हरवाचरवाको सवाल केवल आर्थिक मात्र नभई सामाजिक न्यायसँग समेत जोडिएको विषय भएकाले राज्यले विशेष प्राथमिकता दिनुपर्ने बताउनुभयो ।मुक्त हरवाचरवा अधिकार मञ्चका केन्द्रीय सदस्य रामदयाल माँझी ले मुक्त हरवाचरवाले अझै पनि विभिन्न प्रकारका समस्या तथा विभेद झेल्दै आएको उल्लेख गर्दै राज्यबाट प्रभावकारी कार्यक्रम आवश्यक रहेको धारणा राख्नुभयो।

त्यसैगरी, सामुदायिक सुधार केन्द्र का कार्यक्रम संयोजक सतिष कुमार ठाकुर ले मुक्त हरवाचरवाको जीवनस्तर सुधारका लागि शिक्षा, रोजगारी तथा सामाजिक सुरक्षासम्बन्धी कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो।

कार्यक्रममा सहभागीहरूले मुक्त हरवाचरवाको पहिचान, अधिकार सुनिश्चितता तथा पुनःस्थापनाका लागि प्रदेश सरकारले स्पष्ट नीति, कार्यक्रम तथा बजेट व्यवस्था गर्नुपर्नेमा जोड दिएका थिए।

"बर्दिबास मिडिया प्रा. लि. द्वारा सञ्चालित"
टक नेपाल टि.भी.
टक नेपाल राष्ट्रिय दैनिक
बर्दिबास, महोत्तरी
मो.- ९८६३३२१०१४
हाम्रो सेवाहरु : अनलाईन टि.भी., अनलाईन न्यूज पोर्टल, डकुमेन्ट्री, फोटोग्राफी, भिडियोग्राफी लगायत मिडिया सम्बन्धी सम्पूर्ण काम गरिन्छ ।

सुख्खा मौषममा हावाहुरी र आगलागीबाट बचौं
१) गर्मी महिनाको सुरुवातसँगै हावाहुरीको सम्भाबना अत्यधिक भएकोले जथाभाबी आगो नबालौं ।
२) सलाई लाईटर र आगो सल्कन सक्ने सामग्री बालबालिकाको पहुँचबाट टाढा राखौं ।
३) सुख्खा मौषममा पश्चिमी हावा चल्दा सुख्खापनले आगलागीको सम्भाबना अधिक हुँने हुनाले आगो बालेर नछ्चोडौं ।
४)घरको छाना र घर नजिकै अधिक मात्रामा सुख्खा दाउरा नराखौं दाउरा राख्ने ठाउँ घरदेखी टाढा बनाउँ ।
५) घरको छतमा राखिएको फुलको गमलाहरु हावाहुरीमा सुरक्षित गरेर राखौं ।
सवारी साधन चलाउँदा हावाहुरी आएमा रोकेर राखौ
अनुरोधकर्ता
बर्दिवास नगरपालिका, महोत्तरी

सांस्कृतिक सम्पदाहरूको संरक्षण गरौं, पर्यटनलाई प्रवर्द्धन गरौं।
मधेश प्रदेशमा विभिन्न प्राचीन मठ-मन्दिर, ऐतिहासिक दरवार, धार्मिक तथा सांस्कृतिक सम्पदाहरु रहेका छन् । त्यस्ता स्थलहरु गौरव मात्र नभई आर्थिक समृद्धिको स्रोत पनि हुन् । यसको संरक्षण र सम्वर्द्धन गर्नु हाम्रो सबैको दायित्व हो ।
त्यसैले धार्मिक तथा पर्यटकीय स्थलहरुमा फोहोर नगरौं । ऐतिहासिक तथा दुर्लभ सम्पदाहरुको क्षति हुन नदिन सजग रहौं । स्थानीय कला, हस्तकला र परम्परागत उत्पादनलाई प्रवर्द्धन गरौं । हाम्रा प्रदेशका स्थलहरुमा आउने पर्यटकहरुसँग मैत्रीपूर्ण व्यवहार गरौं । पर्यटक हाम्रा पाहुना हुन् । स्वागत सत्कार एवम् सुमधुर व्यवहार गरौं ।
जलेश्वर नगरपालिका
महोत्तरी, मधेश प्रदेश

बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशकः तुलसामाया कार्की, अध्यक्ष निर्देशकः ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बदिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014